# युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड
# United Modi Hydropower Limited

UMH UNITED MODI HYDROPOWER

वडा नं.३१, कमलादी, काठमाण्डौं, नेपाल, फोन नं.: ४१६९११४, फ्याक्स नं.: ४१६९११३
इमेलः unitedmodi@ntc.net.np / वेभसाइट : www.umh.com.np

को

## सार्वजनिक निष्काशनमा दरखास्त संकलन गर्ने सम्बन्धमा सहभागी बैंकहरुलाई अत्यन्त जरुरी सूचना

मिति २०७३ माघ १ बाट धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ निर्देशिका लागू भएको र सो निर्देशिका बमोजिम नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन गर्नका लागि अनुमति प्राप्त गर्नुका साथै आवश्यक अन्य कानुनी व्यवस्था पुरा गरी आवश्यक पुर्वाधार तयार गरेका सहभागी बैंकहरूलाई यस निष्काशनमा देहायका व्यवस्थाहरूको अधिनमा रहि दरखास्त संकलन गर्नका लागि अनुरोध छ ।

**व्यवस्थाहरु:**

(१) निर्देशिका बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी उक्त निर्देशिकाको दफा १६ को उपदफा (२) बमोजिम मिति २०७३/११/१५ भित्र योग्यता पुगेका सहभागी बैंक वा वित्तीय संस्थाले यस निष्कासनमा आफ्नो बैंकमा खाता भएको लगानीकर्ताको दरखास्त संकलन सम्बन्धी कार्य गर्न सक्नेछन् र यसरी दरखास्त संकलन गर्दा निर्देशिकाको अनुसुची-४ बमोजिमको ढाँचामा दरखास्त फाराम तयार गरी लगानीकर्तालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) निष्काशन तथा बिक्री प्रबन्धकले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक निष्काशन खुल्ने तथा बन्द हुने मिति जानकारी गराई प्रकाशित गरेको सूचनालाई आधिकारीक जानकारीको रूपमा लिई दरखास्त फारम संकलन गनुपर्नेछ । सो मा कुनै कैफियत भए आधिकारीक रूपमा तोकिएको समयावधिभित्र संकलित दरखास्त फारामलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ ।

(३) आफू तथा आफ्ना शाखा कार्यालयबाट संकलित दरखास्त फाराम सम्बन्धी विवरण बैंकको प्रधान कार्यालयले निर्देशिकाको दफा १० को उपदफा (२) बमोजिम दरखास्त संकलन गर्ने समयावधी समाप्त भएको भोलिपल्ट निर्देशिकाको अनुसुची-५ बमोजिमको ढाँचामा निष्काशन तथा बिक्री प्रबन्धकलाई विद्युतीय माध्यमबाट उपलब्ध गराउनु पर्नेछ । साथै आफू तथा आफ्ना शाखा कार्यालयबाट संकलित दरखास्त फाराम एवं निर्देशिकाको अनुसुची-६ बमोजिमको विस्तृत विवरण बैंकको प्रधान कार्यालयले काठमाडौं उपत्यका भित्र निष्काशन कार्य बन्द भएको पाँच कार्य दिनभित्र र काठमाडौं उपत्यका बाहिरको हकमा निष्काशन कार्य बन्द भएको दश कार्यदिन भित्र निष्कासन तथा बिक्री प्रबन्धकको देहायको ठेगानामा आईपुग्ने गरी पठाउनु पर्नेछ । उक्त समयावधि पश्चात् प्राप्त दरखास्त फारामलाई बाँडफाँटमा समावेश नगरिने हुँदा सो को जिम्मेवारी समेत सहभागी बैंक आफैले लिनुपर्नेछ ।

(४) निष्काशन तथा बिक्री प्रबन्धकबाट बैंकले निर्देशिकाको अनुसूची-७ बमोजिम धितोपत्र बाँडफाँटको विवरण प्राप्त गरे पश्चात् बैंकले निर्देशिकाको दफा १३ को उपदफा (२) बमोजिम धितोपत्र बाँडफाँटको जानकारी लगानीकर्तालाई दिनुपर्नेछ ।

(५) बैंकले निर्देशिकाको दफा १४ को उपदफा (१) बमोजिम निष्काशन तथा बिक्री प्रबन्धकबाट निर्देशिकाको अनुसूची-७ बमोजिम धितोपत्र बाँडफाँटको विवरण प्राप्त भएको तीन कार्य दिनभित्र निर्देशिकाको दफा १५ (१)(२) बमोजिम लगानीकर्ताको अनुरोधमा रोक्का राखेको रकममध्ये सम्बन्धित लगानीकर्तालाई बाँडफाँटमा परेको धितोपत्र बापतको रकम निष्कासन तथा बिक्री प्रबन्धकको खातामा स्थानान्तरण (ट्रान्सफर) गरी बाँकी रकम फुकुवा गरिदिनु पर्नेछ ।

(६) दरखास्त संकलन गरे वापत सहभागी बैंकहरूले निर्देशिकाको दफा १६ को उपदफा (१) बमोजिम लगानीकर्ताबाट संकलित सेवा शुल्क वापतको रकमको पन्ध्र प्रतिशत तथा तीन प्रतिशतले हुन आउने रकम निर्देशिकाको दफा १६ को उपदफा (३) बमोजिम निष्काशन तथा बिक्री प्रबन्धक तथा नेपाल धितोपत्र बोर्डलाई धितोपत्र बिक्री बन्द भएको मितिले एक महिनाभित्र बुझाउनु पर्नेछ ।

(७) निर्देशिकाको दफा १३ को उपदफा (३) बमोजिम धितोपत्र बाँडफाँट गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले निर्देशन बमोजिम सम्बन्धित लगानीकर्ताको खाता रोक्का राखी त्यसको जानकारी सोही दिन निष्कासन तथा बिक्री प्रबन्धकको ठेगानामा उपलब्ध गराउनु पर्नेछ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

NIBL CAPITAL
**एनआईबिएल क्यापिटल मार्केट्स लि.**
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com